～सन् २०२५ साल जुलाई ७ तारीख प्रकाशन～

उपभोक्ता मामिला सञ्चार (न्यूजलेटर)

यस न्यूजलेटरमा हामी तपाईंलाई बारम्बार रिपोर्ट गरिएका उपभोक्ता समस्याहरू, जस्तै किनमेल गर्दा सामना गर्नुपर्ने कठिनाइहरूको बारेमा नियमित रूपमा जानकारी गराउनेछौं।

विषयवस्तु

प्वाइंट साईट समस्या

प्वाइंट साइटहरू प्रयोग गर्दा हुने समस्याहरूबाट सावधान रहनुहोस्

उपभोक्ता मामिला एजेन्सी चित्रण संग्रहबाट

SNS (सामाजिक सञ्जाल) मा, "प्वाइंट साइट" को लागि एउटा विज्ञापन देखेँ जसमा वाचा गरिएको थियो कि यदि तपाईंले तोकिएको साइटमा दर्ता गर्नुभयो भने, २,००० येन मूल्यको फ्ली-मार्केट प्वाइंटहरू प्राप्त गर्नुहुनेछ। नि: शुल्क अवधिमा सम्झौता रद्द गरेमा नि: शुल्क प्वाइंट पाउन सकिन्छ भन्ने सोचेर, मैले तोकिएका १० एपहरूमा मेरो नाम र फोन नम्बर जस्ता व्यक्तिगत जानकारी दर्ता गरें।

एक हप्ता पछि, मैले प्रति महिना ५,००० येनको बिलिङ इमेल पाएँ तर,

म सम्झौता रद्द गर्न सक्दिन किनकि मलाई कसरी रद्द गर्ने वा कसलाई सम्पर्क गर्ने थाहा छैन।

समस्याबाट बच्न

•नि:शुल्क परीक्षण अवधि वा अभियान प्रयोग गर्न प्वाइंट साइटमा दर्ता गर्नु अघि, साइटको प्रयोगका शर्तहरू र सम्झौता रद्द गर्ने शर्तहरू ध्यानपूर्वक जाँच गर्नुहोस्।

•कम्पनीको सम्पर्क जानकारी वा सम्झौता रद्द गर्ने तरिका बारे निर्देशनहरू प्रदान नगर्ने साइटहरूमा दर्ता नगर्नुहोस्।

•"सदस्यता आवश्यक छैन" को अर्थ "एक पटक खरिद गर्नुहोस् र तपाईंको काम सकियो" भन्ने होइन।

•व्यक्तिगत जानकारीहरु संकलन गर्ने उद्देश्य लिएका प्वाइंट साईटहरु पनि छन्। प्रयोग कर्ता जानकारी साझा गर्ने व्यवसायीहरुबाट तपाईंले इमेलहरु आउन पनि सक्छ।

==========

तोचिगी शहर उपभोक्ता मामिला केन्द्र तोचिगी शियाकुस्योको मुख्य भवन, दोस्रो तला, नागरिक जीवन विभाग भित्र

खुल्ने दिन : सोमबार ～बिहिबार (शनि/आइतबार, राष्ट्रिय बिदा र नयाँ वर्षको बिदा बाहेक)

(शनि/आइतबार, राष्ट्रिय बिदा र नयाँ वर्षको बिदा बाहेक) (※)

(※ नयाँ परामर्शहरू दिउँसो ३:०० बजेसम्म स्वीकार गरिनेछ।)

फोन नम्बर: ०२८२-२३-८८९९

यदि तपाईंलाई कुनै समस्या छ भने, कृपया आफ्नो स्थानीय उपभोक्ता मामिला केन्द्रमा परामर्श गर्नुहोस् ल !

तोचिगी शहरको शुभंकर पात्र तोचिसुके